# मानमिन समाचार

अंक १५ मार्च ३०,२०१४

# आत्माको हृदय सम्वर्द्धन गर्ने रहस्यः बाइबल पढ्नुहोस्

## मानमिनका सदस्यहरू बाइबलमा प्रभुको प्रेम महसूस गर्दै हुनुहुन्छ र उहाँहरूको उत्साह बढ्दैछ

हिजोआज धेरै ईसाईहरू बाइबल पढ्नु हुन्न र कतिपयले त बाइबलमा उल्लेख भएका कार्यहरूलाई केवल कथाको रूपमा मात्रै पनि लिनुहुन्छ। तर बाइबल हाम्रो जीवित परमेश्वरको वचन हो।

मानमिन केन्द्रीय चर्चमा, सम्पूर्ण चर्च नै बाइबलमा अध्ययन गर्न लागि परेको हुनाले, त्यहाँ बाइबल पढ्ने मानिसहरू भेट्टाउन कठिन छैन। विश्वासीहरूले हरेक दिन एउटा पद कण्ठ गर्नु पर्दछ र एउटा अध्याय पढ्नु पर्दछ भनी सिनियर पास्टर डा. जेरक लीले जोड दिनुभएको थियो। सन् २०१४ सालको शुरुआत अघि नै, उहाँले हरेकलाई आफ्नो आत्मिक वृद्धिको लागि बाइबलका सबै पुस्तकहरू पढ्न आग्रह गर्नुभएको थियो। बाइबल कसरी पढ्ने भनी उहाँले विस्तृत रूपमा सिकाउनुभएको पनि छ।



उहाँले विश्वासीहरूलाई उहाँहरू बढी परिचित हुनुभएको नयाँ करारबाट आवाज निकालेर पढ्नका निम्ति भन्नुभयो र 'गर', 'नगर', 'राख' र 'फाल' भन्ने जस्ता परमेश्वरका आज्ञाहरू जुन उहाँहरूले आज्ञापालन गर्न सक्नुभएको छैन, ती कुराहरू टिपेर राख्नू, टिपोट गरेको परमेश्वरका वचनहरूको निम्ति प्रार्थना गर्नू र ती पालन गर्न थालेपछि टिपेका नोटहरूबाट ती बुँदाहरूलाई काट्नू भनी भन्नुभयो।

सन् २०१४ साल, फेब्रुअरी २ तारिखका दिन जिल्ला, उप-जिल्ला र कोषका अगुवाहरूको समर्पण सेवामा पुनः उहाँले बाइबल पढ्नुको महत्वबारे जोड दिनुभयो। किनभने बाइबल पढ्नु चाहिँ विश्वास जाँचेर आत्माको हृदय अर्थात् प्रभुको हृदय सम्वर्द्धन गर्ने छोटो बाटो हो। बालबालिकाहरूदेखि लिएर वृद्ध हुनुभएका सदस्यहरूसम्म चर्चका सबै सदस्यहरू बाइबलद्वारा प्राप्त हुने अनुग्रह र भावनाहरूमा खुशीसाथ जिइरहनुभएको छ। आफूले नत्यागेका वा आज्ञापालन नगरेका कुराहरू टिपोट गर्दै उहाँहरू बाइबल पढ्नुहुन्छ र त्यसपछि वचन पालन गर्नका निम्ति प्रार्थना गर्नुहुन्छ। उहाँहरू बाइबल राती अबेरसम्म, बिहान सबैरे वा फुर्सदको समय पाउनासाथ पढिहाल्नु हुन्छ। समय मिल्नासाथ उहाँहरू पढ्नुहुन्छ जसले गर्दा प्रभुप्रतिको उहाँहरूको प्रेम बढेर आएको छ।

२-५ पुरूष मिशनका ४९ वर्षीया डिकन साङ्गचियोल लीले भन्नुभयो, "फुर्सद मिल्नासाथ र सुत्न जानभन्दा अघि म स्पष्टसित आवाज निकालेर बाइबल पढ्ने गर्दछु। ध्यान दिएर पढेको हुनाले विगत्मा बाइबल पढेको बेलामा भन्दा भिन्नै तहको अनुग्रह मैले प्राप्त गरिरहेको छु अनि बाइबलका दृश्यहरू मेरो हृदयभित्र मनभरि झलझली आइरहेका छन्।"

"नयाँ करार पढ्दा मैले प्रभु र गोठालोको प्रेम महसूस गरेँ। पुरानो करार पढ्दा, म सजिलैसित बस्न सकेको थिइनँ। अहिलेचाहिँ म घुडाँ टेकेर पढ्ने गर्दछु। आफूलाई पत्ता लगाउने अनुग्रह र सामर्थ्य पाएर म अत्यन्तै खुशी छु", भनी ३-१ महिला मिशनकी, ५० वर्षीया डिकनिस एजा किमले भन्नुभयो।

"किनभने त्यो परमेश्वरको वचन र प्रार्थनाले चोखो तुल्याइन्छ", भनी १ तिमोथी ४:५ ले भने झैं चर्चका सदस्यहरूले पनि हरेक रात ९ बजे देखि शुरु हुने दानिएल प्रार्थना सभामा जोशिलो भई प्रार्थना गर्नुहुन्छ। विश्वासमा वृद्धि हुनका लागि उहाँहरू हार्दिकतापूर्वक अघि बढिरहनुभएको छ।

विदेशबाट आएको पत्र



"जि.सि.एनबाट प्रसारण हुने जीवनको वचन परमेश्वरले मलाई दिनुभएको उपहार हो"

पास्टर न्यान्सी शार्प ब्लीजर्ड
(होप फर हेभन चर्च, संयुक्त राज्य अमेरिका)

टि.भी एन्टेना जडान गरिसकेपछि, म कुनै ईसाई च्यानल खोजिरहेको थिएँ। अनि मैले जि.सि.एन भेट्टाएँ। मैले डा. जेरक लीको 'जीवनको वचन' हेरेँ र पहिला कहीँ पनि अनुभव नगरेको परमेश्वरको अनुग्रह महसूस गरेँ। जि.सि.एन परमेश्वरको उपहार हो भनी म विश्वस्त छु।

त्यसपछि, मैले डा.लीका पुस्तकहरू स्वर्ग १ र २ पढेँ र ती पुस्तकहरूद्वारा म अत्यन्तै प्रभावित भएँ। स्वर्गमा विभिन्न प्रकारका निवासस्थानहरू छन् र विभिन्न तहका इनामहरू हुन्छन् भन्ने स्वर्गको विस्तृत वर्णनद्वारा म आश्चर्यचकित भएँ। स्वर्गमा धेरै इनामहरू थुपार्नका लागि मैले अझ हार्दिकतापूर्वक मेरो जिम्मेवारी पूरा गर्नुपर्दछ भनी मैले सोचेँ।

म क्यालिफोर्नियाको लस एन्जलस, हलिउडमा भएको होप फर हेभन चर्च मा सेवकाइ गर्दछु। सन् २०१४ साल, जनवरी १२ तारिखका दिन हामीले एउटा जागृति सभा र रुमालसहितको चङ्गाइ सभा आयोजना गरेका थियौं जहाँ वक्ताको रूपमा पास्टर हाङ्गयोल ली हुनुहुन्थ्यो। उहाँले क्यालिफोर्नियाको मानमिन मिशन सेन्टरमा सेवकाइ गरिरहनुभएको छ। डा. जेरक लीले प्रार्थना गरिदिनुभएको रुमालका साथ पास्टर किमले हाम्रो निम्ति प्रार्थना गरिदिनुभएको थियो (प्रेरित १९:११-१२)।

एउटा दुर्घटनाको प्रतिअसरको रूपमा दुख्ने गरेको मेरो ढाडको समस्याबाट म निको भएँ, र बहिनी नताशाले डिप्रेशनबाट छुटकारा पाउनुभयो। थपअझै, मेरो चर्चका सदस्यहरूले उहाँहरूको हृदय खोल्नुभयो अनि पश्चात्ताप गर्नुभयो। अब उहाँहरू परिवर्तन भइरहनुभएको छ र हार्दिकतापूर्वक अघि बढिरहनुभएको छ। हल्लेयूयाह !

यी दिनहरूमा, म डा.लीका पुस्तकहरू पढेर धेरै अनुग्रह पाइरहेको छु। जीवनको वचन दिनुहुने साँचो गोठालोलाई भेटेर म आत्माले भरिएको छु। म सबै धन्यवाद र महिमा परमेश्वरलाई दिन्छु।

## क्रूसको सन्देश श्रृंखला – (१७)

# क्रूसीकरण (२)


डा. जेरक ली

> “तर उ त हाम्रा अपराधहरूका निम्ति छेडियो । हाम्रा अधर्मका निम्ति उ पेलियो । हामीमा शान्ति ल्याउने दण्ड उसमाथि पऱ्यो,
> र उसको कोर्राको चोटले हामी निको भयौं ।
> हामी सबै भेडाझैं बरालिएका छौं । हामी हरेक आफ्नै बाटोतिर लागेका छौं,
> र परमप्रभुले उसमाथि हामी सबैको अधर्म हालिदिनुभएको छ ।”
> (यशैया ५३:५-६)

येशूको क्रूसीकरणमा रहेको परमेश्वरको प्रबन्धको पूर्ण ज्ञानले हामीलाई हाम्रो हृदयको गहिराइमा हाम्रो परमेश्वरको प्रेम बोध गराउँदछ र ख्रीष्टमा जोशिलो जीवन जिउन अगुवाइ गर्दछ । अब हामी येशूको हात र खुट्टामा कीला ठोकिनुको कारण र उहाँको दुवै तर्फ क्रूसमा टाँगिएका दुइ डाँकूहरूको बारेमा गरिएको अभिलेखलाई हेर्नेछौं ।

### १. येशूको हात र खुट्टामा कीला ठोकिनुको कारण

प्राणदण्डका प्रायजसो प्रकारहरू शरीरमा बढी पीडा नपुऱ्याईकन तुलनात्मक रूपमा छोटो समयमा नै अन्त्य हुँदछन् । तापनि, क्रूसीकरणले चाहिँ लामो समयसम्म अत्याधिक मात्रामा पीडा दिँदछ । कुनै व्यक्तिका दुवै हात र पाउहरू काठको क्रूसमा राखेर कीला ठोकी त्यो क्रूसलाई जमीनमा सीधा पारेर ठडयाइँदा, उसको सम्पूर्ण वजन शरीरको तल्लो भाग तर्फ सर्दछ र कीला ठोकेका भागहरूमा अझ बढी पीडा हुँदछ । थप अझ, प्राणदण्ड दिनेहरूले शरीरका महत्वपूर्ण भागहरूमा कीला नठोक्ने हुँदा, उक्त व्यक्तिको रगत निरन्तर रूपमा बगिरहँदछ र उसले आफ्नो अन्तिम सास फेर्ने बेलासम्म पीडा र कष्ट सहनु पर्दछ ।

के कारणले गर्दा येशूको हात र पाउमा कीला ठोकिनुपऱ्यो ? त्योचाहिँ मानिसले आफ्ना हात र पाउहरूद्वारा गरेका र पछि गर्ने सबै पापहरूबाट छुटकारा दिनका लागि थियो ।

हामी मर्कूस ९:४३-४५ मा येशूले हामीलाई यसो भन्नु भएको पाउँछौं, “यदि तिम्रो हातले तिमीलाई बाधा दिन्छ भने त्यसलाई काटिदेऊ । दुइ हात भएर नरकको ननिभ्ने आगोमा जानुभन्दा डुँडो भएर जीवनमा पस्नु तिम्रो निम्ति असल हो । नरकमा त न कीराहरू मर्दछन्, न आगो नै निभ्दछ । अनि तिम्रो खुट्टाले तिमीलाई बाधा दिन्छ भने त्यसलाई काटिदेऊ । दुइ खुट्टा भएर नरकमा फालिनुभन्दा त खोरन्डो भएर जीवनमा पस्नु तिम्रो निम्ति असल हो ।” धेरै मानिसहरू हिजोआज आफ्ना हातहरूले गर्न नहुने कुराहरू गर्छन् र आफ्ना खुट्टाहरूबाट जान नहुने ठाउँहरूमा जान्छन् ।

आफ्ना हात र पाउमा कीला ठोकिएर रगत बहाई मृत्युमा पुगेर पापरहित येशूले, हामीले आफ्ना हात र खुट्टाहरूले गर्ने पापहरूबाट हामीलाई छुटकारा दिनुभयो । त्यसकारण, येशूलाई आफ्नो मुक्तिदाता भनी ग्रहण गर्ने जो कोहीले पश्चात्ताप गर्दा आफ्ना हात र पाउ नकाटीकन नै क्षमा पाउन सक्छ र पवित्र आत्माको शक्तिद्वारा आफ्ना सबै पापहरूबाट छुटकारा पाउन सक्छ । हाम्रो पाप क्षमा गर्न र हामीलाई नरकको आगोमा पर्नदेखि बचाउन, येशूले आफैंलाई क्रूसको निर्दयी कष्टमा पर्न दिनुभयो ।

यद्यपि, येशूमा आफ्नो विश्वास स्वीकार गर्ने र आफ्ना ओठहरूद्वारा पापको पश्चात्ताप गरेको दाबी गर्नेहरूमध्येका धेरै जना अझै पनि पापमै जिइरहेका छन् । १ यूहन्ना १:६ ले हामीलाई बताउँदछ, “यदि उहाँसँग हाम्रो सङ्गति छ भनी हामी भन्छौं र अन्धकारमा नै हिँड्छौं भनेता, हामी झूट बोल्छौं र सत्यमा चल्दैनौं ।”

थप अझ, गलाती ५:१९-२१ले हामीलाई बताउँदछ कि ‘शरीरका कार्यहरू’ गर्नेहरू “परमेश्वरको राज्यको हकदार बन्नेछैनन्”, आफ्नो हृदयको गहिराइदेखि पश्चात्ताप गरेको दाबी गर्ने कसैले पनि त्यही पाप दोहोऱ्याई रहँदैन ।

तपाईंका पापहरूका कारण येशूले आफ्ना हात र पाउमा कीला ठोकिएर क्रूसको मृत्यु सहनुपऱ्यो भन्ने कुरा यदि तपाईं साँच्चै विश्वास गर्नुहुन्छ भने, तपाईंले फेरि कहिल्यै पनि पाप गर्न सक्नुहुन्न । तपाईंले कसरी फेरि येशूलाई क्रूसमा झुण्डयाउने पाप गर्न सक्नुहुन्छ र ? अवश्य पनि थोरै विश्वास भएका मानिसहरूले बेला बेलामा पाप गर्न सक्दछन् । तापनि,उनीहरूले आफ्नो हृदयको गहिराइदेखि पश्चात्ताप गरेर पापबाट छुटकारा पाउने प्रयास गरे भने, परमेश्वरले उनीहरूलाई क्षमा र अनुग्रह अनि ती पापहरू फ्याँक्ने सामर्थ्य दिनुहुन्छ ।

### २. परमेश्वरका छोराछोरीहरू विश्वासद्वारा व्यवस्थाको सरापदेखि मुक्त छन्

येशूले आफ्नो रगत बहाउनु भएर र क्रूसमा चढ्नु भएर हाम्रो साटो श्रापित हुनुभयो र यो कुरा विश्वास गर्नेहरूले आफ्ना सबै पापहरूको निम्ति क्षमा पाएका छन् र व्यवस्थाको सरापदेखि मुक्त भएका छन् । विशेष गरी येशूलाई आफ्नो मुक्तिदाता भनी ग्रहण गर्नेहरू रोग, दुर्बलता, गरीबी र सबै प्रकारका प्रकोपबाट मुक्त पारिएका हुन्छन् ।

त्यसकारण, प्रभुलाई ग्रहण गरेका र परमेश्वरको वचनअनुसार जिउने परमेश्वरका छोराछोरीहरू सँधै उहाँको निगरानीमा हुन्छन् । परमेश्वरको वचन अनुसार जिएता पनि कष्ट र परीक्षाहरू आउँछन् भने ती परीक्षाहरू आशिष् निम्त्याउनको लागि हुन् । त्यस्तो कष्ट परीक्षाको समयहरूमा उनीहरूले याकूब १:१२ मा लेखिएको परमेश्वरको यो वचनलाई याद राख्नुपर्दछ, “त्यो मानिस धन्यको हो, जो आपत्‌विपत्‌मा स्थिर रहन्छ, किनकि जाँचको सामना गरिसकेपछि त्यसले जीवनको त्यो मुकुट पाउनेछ, जो परमेश्वरले उहाँलाई प्रेम गर्नेहरूलाई दिने प्रतिज्ञा गर्नभएको छ”, कष्ट परीक्षाहरूमा धन्यवादीताकासाथ विजयी हुनाले आत्मा र शरीर दुवैमा पछि अझ बढी आशिष् ल्याउँदछ ।

परमेश्वरको वचन अनुसार जिउन चुकेको कारण कष्ट परीक्षा तपाईंको अघि आएको अवस्थामा तपाईंले के गर्नपर्छ ? त्यो समय तपाईंले तुरुन्तै पश्चात्ताप गरेर आफ्ना पुराना चालहरूबाट फर्किने बेला हो । तपाईंले एकपटक पापहरू नष्ट गरेर विश्वासकासाथ प्रार्थना गर्न भएपछि, कष्ट परीक्षाहरूलाई टाढा भागी जान बाहेक अरू विकल्प हुँदैन । केही उदाहरणहरूमा तपाईंले पाप गर्न भएको कारणले गर्दा नभई, अन्य दुर्घटनाहरूद्वारा तपाईंले कठिनाइहरू भोग्नुपर्ने हुनसक्छ । त्यस्ता समयहरूमा पनि तपाईंले परमेश्वरमा आफ्नो भरोसा राख्नुभयो भने उहाँले तपाईंको विश्वास अनुसार आफ्नो कार्य गर्नहुन्छ ।

येशू क्रूसमा श्रापित हुनुभएको कारणले गर्दा, विश्वासद्वारा जो कोहीले पनि आफ्ना पापहरूबाट क्षमा पाउन सक्छन् र व्यवस्थाको सरापबाट मुक्त हुन सक्छन् । के यसको अर्थ हामीले मुखले, “प्रभु, म विश्वास गर्छु !” भनी स्वीकार गर्दैमा हामीलाई विनाशर्त क्षमा मिल्दछ भन्ने हो त ?

१ यूहन्ना १:७ मा बाइबलले हामीलाई बताउँछ, “तर उहाँ ज्योतिमा हुनुभएझैं यदि हामी पनि ज्योतिमा हिँड्छौं भने, एउटा अर्कासित हाम्रो सङ्गति हुन्छ, र उहाँका पुत्र येशूको रगतले हामीलाई सबै पापबाट शुद्ध पार्छ ।” हाम्रो पापको क्षमाचाहिँ हामी “ज्योतिमा हिँड्ने” शर्तमा निर्भर हुँदछ । हामी बाइबलमा कहीँ पनि, “पाप गरिरहे पनि मुक्ति प्राप्त गर्न सकिन्छ” भन्ने कुरा पाउँदैनौं ।

मत्ती ७:२१ मा पनि येशूले हामीलाई भन्नुहुन्छ, “मलाई ‘प्रभु, प्रभु’ भन्ने सबै स्वर्गको राज्यमा प्रवेश गर्नेछैनन् । स्वर्गमा हुनुहुने मेरा पिताको इच्छा पालन गर्ने मानिसले मात्र परमेश्वरको राज्यमा प्रवेश गर्नेछ ।” यो याद राख्नुहोस् कि, येशूलाई आफ्नो मुक्तिदाता भनी स्वीकार गरेर, आफ्ना पापको पश्चात्ताप गरी, कहिल्यै पाप नगर्ने कोशिश गरेर ज्योतिमा हिँड्यौं भने मात्र हामीलाई क्षमा प्रदान हुँदछ र सिद्ध मुक्ति परिपूर्ण हुँदछ ।

### ३. दुइ डाँकूहरूको विवरणका भिन्नताहरू

येशू क्रूसमा टाँगिनुभएको बेलामा, धेरै मानिसहरू भेला भएर येशूको अपमान र उपहास गरिरहेका थिए । यस सन्दर्भमा मत्ती २७:४४ मा हामी पाउँछौं, “अनि उहाँसँग क्रूसमा झुण्डयाइएका ती डाँकूहरूले पनि यही किसिमले उहाँको अपमान गरे ।” लूका २३:३९-४४ मा भने हामी ती डाँकूहरूमध्ये एकजनाले येशूमाथि “गिल्ला गरेको” र अर्कोलेचाहिँ उक्त डाँकूलाई “गाली गरेको” पाउँछौं ।

यो विवरणको भिन्नतालाई हामी कसरी व्याख्या गर्न सक्छौं ? भविष्यको पुस्ताका पाठकहरूले उक्त घटनाको अझ स्पष्ट चित्रण प्राप्त गर्न सकून् भनी यो पनि परमेश्वरकै कार्यको अंश हो । आफ्नो दिमागमा एउटा चित्र बनाउनुहोस्: गलगथा पहाडको टुप्पोमा तीनवटा क्रूसहरू ठडयाइएको, ती दण्डहरू नियाल्न भेला भएको विशाल भीड र थप अवलोकनकर्ताहरूको बाढीलाई भाला र ढालहरूका साथ नियन्त्रण गर्ने प्रयास गरिरहेका रोमी सिपाहीहरू ।

त्यस्तो होहल्लाको परिस्थितिमा, कुनै व्यक्ति यदि कुनै एक डाँकूको छेउमा उभिरहेको भए, त्यस डाँकूले के भनिरहेको छ भन्ने कुरा उसले स्पष्टसँग सुन्न सक्छ तर अर्कोपट्टि रहेको डाँकूले भनिरहेको कुरा उसले स्पष्टसँग सुन्न सक्दैन । अर्को शब्दमा भन्नुपर्दा, पश्चात्तापी डाँकूले येशूलाई गिल्ला गर्ने डाँकूलाई गरेको हप्काई समेत उक्त पश्चात्तापी डाँकूले येशूलाई नै हप्काइ रहेकोझैं सुनिन सक्छ । यद्यपि, पश्चात्तापी डाँकू वा येशूपट्टि उभिरहेका मानिसहरूले दुवै डाँकूहरू र येशूका वचनहरू स्पष्टसँग सुन्न सक्छन् र उक्त घटनाको सही विवरण तयार गर्न सक्छन् ।

अवश्य पनि, सर्वशक्तिमान् परमेश्वरले बाइबलका लेखकहरूलाई हरेक विस्तृत विवरण थाहा हुन दिन सक्नुहुन्छ । उक्त विवरणमा त्यस्तो भिन्नता हुन दिनु भएको भएता पनि पवित्र आत्माको प्रेरणामा बाइबल पढ्नेहरूका लागि, उहाँले येशूको क्रूसीकरण बारे स्पष्ट दृश्य बुझ्न सम्भव तुल्याउनु भएको छ-जुन एउटा अति सुविधाजनक सिनेमा हलको ठूलो पर्दामा कुनै चलचित्र हेरेको कुरासँग तुलना गर्न सकिन्छ ।

त्यसकारण, बाइबलका केही भागहरू हाम्रा सोच्ने तरिकाहरूसँग मेल नखाने अवस्थाहरूमा, त्यसलाई शारीरिक सोंचाइ र मापदण्डहरूका साथमा न्याय गर्नको साटो, हामीले शुरुमा पवित्र आत्माको प्रेरणामा त्यसको आत्मिक महत्व बुझ्नुपर्दछ ।

ख्रीष्टमा प्रिय दाजुभाइ तथा दिदीबहिनीहरू, अब हामीले येशूको हात र पाउहरूमा कीला ठोकिनुको कारण जानि सकेको हुनाले आफ्ना हात र खुट्टाहरूलाई अब उप्रान्त हामीले पाप गर्ने साधन बन्न दिनुहुँदैन तर हाम्रो मुक्तिदाताको प्रेम फैलाउने आशिषित् दूतहरू बनाउनु पर्दछ । तपाईंहरूमध्ये हरेकले यसमा, एक कदम अघि रहेर परमेश्वरको वचनलाई पवित्र आत्माको प्रेरणामा बुझ्न सक्नुभएको होस्, परमेश्वरको सन्तानको रूपमा प्राप्त हुने सबै अधिकार र आशिषहरू उपभोग गर्न सक्नुभएको होस् भनी प्रभु येशू ख्रीष्टको नाउँमा म प्रार्थना गर्दछु !

# कस्ता प्रकारका मानिसहरूले परमेश्वरबाट उत्तर प्राप्त गर्दछन् ?

"परमेश्वरले हितोपदेश ८:१७ मा भन्नुहुन्छ, "मलाई प्रेम गर्नेहरूलाई म प्रेम गर्छु, मलाई खोज्नेहरूले मलाई भेट्टाउँछन् ।" येशूले पनि मत्ती ७:११ मा उल्लेख गर्नुभएको छ, "यसकारण तिमीहरू दुष्ट भएर आफ्ना छोराछोरीहरूलाई असल चीज दिन जान्दछौ भने, स्वर्गमा हुनुहुने तिमीहरूका पिताले उहाँसित माग्नेहरूलाई कति बढी गरेर असल चीज दिनुहुनेछ ।" उहाँले उत्तरहरू दिनुहुने परमेश्वरको बारेमा प्रचार गर्नुभयो । त्यसोभए, कस्ता प्रकारका मानिसहरूलाई परमेश्वरले उत्तर दिनुहुन्छ त ?"

## अब्राहाम जस्ता मानिसहरूलाई जसमा अपरिवर्तनीय विश्वास हुन्छ

अब्राहामसँग परमेश्वरलाई अपरिवर्तनीय तवरले विश्वास गने सिद्ध विश्वास थियो त्यसैले परमेश्वरको वचनमा उहाँले न ता शंका गर्नुभयो न ता त्यसको अवज्ञा नै गर्नुभयो । मृतकहरूलाई समेत जीवित तुल्याउन सक्नुहुने सर्वशक्तिमान् परमेश्वरमा उहाँले विश्वास गर्नुभएको हुनाले, परमेश्वरले उहाँलाई उहाँको एकमात्र छोरा इसहाकलाई होमबलिको रूपमा अर्पण गर्नका लागि भन्नुहुँदा, उहाँले तुरुन्तै आज्ञापालन गर्न सक्नुभयो (हिब्रू ११:१९) । त्यसैले, परमेश्वरले उहाँलाई विश्वासको पुर्खाको रूपमा स्थापित गर्नुभयो र उहाँलाई सन्तान, राम्रो स्वास्थ्य, धनसम्पत्ति र प्रसिद्धि जस्ता सबै प्रकारका आशिषहरू प्रदान गर्नुभयो ।

केही कुराहरू आफ्ना सोचाइसँग नमिल्दा धेरै मानिसहरू शंका गर्ने र नटेर्ने गर्दछन् अनि उनीहरू गनगन गर्दछन् । विश्वास गर्छौं भनी भनेतापनि उनीहरू बतासले उचालेको समुद्रका छालहरूझैं विश्वास गर्नुपर्ने हो वा हैन भन्ने कुरा निर्णय नगरी शंका गर्न पुग्दछन् । त्यसैले, दोहोरो मन भएको मानिस उसको हरेक मार्गमा अस्थिर रहन्छ, त्यस्तो मानिसले प्रभुबाट केही पाउनेछु भनेर नसम्फोस् भनी बाइबलले उल्लेख गर्दछ (याकूब १:६-८) ।

## एलिया जस्ता मानिसहरू जसले तीव्र रूपमा प्रार्थना गर्नु हुन्छ

एलिया, इस्राएलको उत्तरी राज्यमा आहाब र अहज्याहको समयका परमेश्वरको इच्छा घोषणा गर्ने एक अगमवक्ता हुनुहुन्थ्यो । ती दिनहरूमा, उहाँको देश राजा आहाब र त्यहाँका मानिसहरूको मूर्तिपूजाको कारण साँढे तीन वर्षसम्म गम्भीर खडेरीले ग्रस्त थियो । उहाँले हार्दिकतापूर्वक प्रार्थना गर्नुभयो र प्रार्थनाद्वारा भारी वर्षाका साथ परमेश्वरबाट उत्तर पाउनुभयो (१ राजा १८:४२-४५) । उहाँले यति धेरै हार्दिकताका साथ प्रार्थना गर्नुभयो कि उहाँको पेट बाउँडियो जसले गर्दा उहाँले जमीनतिर निहुरिएर आफ्नो टाउको आफ्ना घुँडाहरूको बीचमा राख्नुपर्‍यो ।

याकूबले यब्बोक नदीको किनारमा परमेश्वरद्वारा पठाइनुभएको दूतसँग आफ्नो कम्मरको गेडी फुस्किने गरी कुश्ती खेल्नुभयो । उहाँले प्रार्थनामा परमेश्वरलाई पुकार्नुभयो । याकूबको दाजु एसावले ४०० जना मानिसको साथमा याकूबलाई मार्न लागेका थिए, तर परमेश्वरले उनलाई याकूबसँग शान्तिमा रहन भन्नुभयो र याकूबको सम्पूर्ण परिवार बचाइयो ।

## दाऊद जस्ता मानिसहरू जसले परमेश्वरको हृदयको खोजी गर्नुहुन्छ

दाऊद भर्खरको केटो हुनुहुन्थ्यो तर उहाँसँग विश्वास र निडरता थियो । उहाँले राजा शाऊलकहाँ गएर परमेश्वरको सेनालाई घृणा गर्ने पलिश्ती गोल्यतसँग लड्न जाने कुरा बताउनुभयो (१ शमूएल १७:३२) । कुनै हातहतियार विना नै गोल्यत अघि केवल एक घुयेँत्रो र पाँचओटा ढुङ्गाहरूका साथमा गएर घुयेँत्रोमा ढुङ्गा राखेर हानी उहाँले त्यस गोल्यतलाई भुइँमा ढाल्नु भयो । दाऊदले गोल्यातकै तरवारद्वारा गोल्यातलाई मार्नुभयो । यसद्वारा इस्राएलले ठूलो विजय हासिल गर्न सक्यो ।

यसरी यदि हामीमा दाऊदको जस्तो बलियो विश्वास छ भने, समाधान गर्न असम्भवझैं देखिने ठूला समस्याहरूको सामना गर्नुपरेता पनि, कुनै समस्या हुनेछैन । "मैले यिशैको छोरो दाऊदलाई मेरो हृदयअनुसारको मान्छे पाएँ, जसले मेरा सबै इच्छा पूरा गर्नेछ" (प्रेरित १३:२२) भनी परमेश्वरले दाऊदको बारेमा भन्नुभएझैं हामीमा परमेश्वरको इच्छालाई खोजी गर्ने हृदय छ भने हामीले मागेका जुनसुकै कुराको उत्तरहरू हामी पाउन सक्छौं ।

## कर्नेलियस जस्ता मानिसहरू जसले परमेश्वरको भय मान्नुहुन्छ र असल कार्य गर्नुहुन्छ

कर्नेलियस र उहाँका सम्पूर्ण परिवारले परमेश्वरको भय मान्नु हुन्थ्यो । उहाँ एक अन्यजाति र रोमी कप्तान हुनु भएतापनि, उहाँले थुप्रै यहूदी मानिसहरूलाई दान दिनु हुन्थ्यो र सँधै प्रार्थना गर्नु हुन्थ्यो (प्रेरित १०:१-२) । उहाँका प्रार्थना र असल कार्यहरू स्वर्गसम्मै पुगे र उहाँ, उहाँको परिवार, र उहाँका मित्रजनहरूले समेत मुक्ति र पवित्र आत्मा पाउनु भएको होस् भन्ने हेतुले परमेश्वरले पत्रुसलाई उहाँकहाँ पठाएर आशिष् दिनुभयो ।

प्रेरित ९अध्यायमा तबीता नाम गरेकी (डोरकास भनी अनुवादित) योप्पाको एक शिष्यको बारेमा उल्लेख गरिएको छ । बिरामी भएर उहाँको मृत्यु हुँदा, अन्य चेलाहरूले पत्रुसलाई आउन बिन्ती गर्नुभयो । पत्रुस आइपुग्नुहुँदा, त्यहाँका अन्य विधवाहरूले रुँदै उहाँलाई डोरकासले बनाउनु भएका पोशाक र अन्य वस्त्रहरू देखाए । पत्रुसले तिनीहरू सबैलाई बाहिर पठाउनुभयो, र घुँडा टेकेर प्रार्थना गर्नुभयो, अनि त्यस लाशतर्फ हेरेर भन्नुभयो, "तबीता उठ !" अनि उहाँले आँखा खोल्नु भयो र पत्रुसलाई देखी उठेर बस्नु भयो । असल कार्य र दान दिने कार्यमा समर्पित तबीताले परमेश्वरको हृदयलाई छुन सक्नुभयो ।

## सोलोमन जस्ता मानिसहरू जसले परमेश्वरलाई आत्मा र सत्यतामा आराधना गर्नुहुन्छ

राजा दाऊदपछि, सोलोमन इस्राएलका राजा हुनुभयो । शासन गर्नुअघि, उहाँले आफ्नो हृदयदेखि परमेश्वरलाई १,००० वटा होमबलि चढाउनुभयो । १,००० वटा होमबलि चढाउनु सजिलो छैन । पुरानो नियमको समयमा स्थान, समय, बलिदान र विधिको आधारमा थुप्रै सीमिततताहरू अपनाउनु पर्थ्यो । सोलोमन राजा भेट हुने पालमा रहेको काँसाको वेदीमा परमप्रभुको अघि जानुभयो र त्यसमा एक हजार होमबलि चढाउनुभयो ।

एक हजार होमबलि चढाउने सोलोमनसँग परमेश्वर खुशी हुनुभयो र उहाँलाई आशिष् दिनुभयो । परमेश्वर राती सोलोमनको सपनामा देखा पर्नुभयो र भन्नुभयो "तिमी मसित जे माग्छौ, त्यो दिनेछु ।" त्यसपछि, उहाँले धनसम्पत्ति वा मान नमागीकन प्रजालाई शासन गर्न चाहिने ज्ञानबुद्धि माग्नुभयो । उहाँले माग्नु भएको कुरामा परमेश्वर प्रसन्न हुनुभयो, त्यसैले उहाँले सोलोमन राजालाई ज्ञानबुद्धि मात्र नभई धनमम्पत्ति र मान पनि दिनुभयो । पुरानो नियमका बलिदानहरूले आजकलको आराधना सेवालाई जनाउँदछन् । हामीले यदि परमेश्वरलाई प्रेम गर्छौं र सेवाहरूको समयमा उहाँलाई आत्मा र सत्यतामा आराधना गर्छौं भने, हामीले पनि परमेश्वरबाट उत्तरहरू र आशिषहरू प्राप्त गर्न सक्छौं ।

## योसेफ जस्ता मानिसहरू जसले परमेश्वरको धार्मिकतालाई पछ्याउनु हुन्छ

कन्ये मरियमसँग विवाहका निम्ति योसेफको मगनी भइसकेको थियो । त्यसपछि उहाँहरूबीच कुनै सम्बन्ध नै नभईकन मरियम गर्भवती हुनु भएको कुरा उहाँले थाहा पाउनु भयो । योसेफले उहाँलाई गुप्तमै त्याग्ने योजना गर्नु भयो किनकि त्यो कुरा बाहिर प्रकट भएको भए व्यवस्था अनुसार मरियमलाई ढुङ्गाले हानेर मारिन्थ्यो । योसेफसँग असल र धार्मिक हृदय भएकोले, मत्ती १:१९-२३ मा उल्लेख गरिएझैं उहाँले परमेश्वरको दूतलाई भेट्नु भयो र परमेश्वरको सन्देश सुन्नु भयो ।

धेरै जसो मानिसहरू आफूले जे ठीक सम्फन्छन् त्यसैमा जोड दिन्छन्, र अरूहरूलाई पनि आफ्नै विचार पछ्याउन करमा पार्छन् । केही कुरा प्राप्त गर्न शान्ति भङ्ग गरे पनि हुन्छ भनी तिनीहरू सम्फन्छन् । तर कसैले सही कुरा गरेतापनि यदि उसले शान्ति भङ्ग गर्छ भने परमेश्वरले त्यस्तो व्यक्तिलाई ठीक मान्नु हुन्न । परमेश्वरको धार्मिकता भनेको परमेश्वरप्रति भयको साथ पाप फाल्नु, उहाँको वचनलाई व्यवहारमा उतार्नु र विश्वाससाथ उहाँको आज्ञापालन गर्नु हो ।

डा. जेरक लीको पुस्तक म त्यो गरिदिनेछु को पहिलो अध्याय 'उत्तर दिनुहुने परमेश्वर' बाटका उद्धरणहरू

# "परमेश्वरको सहायतालाई धन्यवाद होस्, लगानीको यस अप्रत्यासित संसारमा केही पनि समस्या छैन"

एल्डर स्योङ्गयोल को (गोल्ड इन बेस्ट का CEO, डेजन मानमिन चच)

म सामान्य मानिसहरूभन्दा अगावै आफ्नो दिनको शुरुवात गर्छु । किनभने मैले अघिल्लो रातका थुप्रै समाचारहरू विश्लेषण गरी लगानीका प्रतिवेदनहरू जाँचेर लगानीका दाउपेचहरू सोच्नुपर्ने हुन्छ । कुनै निर्णायक क्षणमा मैले गरेको निर्णयले नाफा वा घाटामा ठूलो प्रभाव पार्छ, त्यसैले म सँधै सतर्क रहन्छु ।

विगतमा, अति नै तनावका कारण मैले आरामको लागि रक्सी पिउन र धूम्रपान गर्न थालेँ । जसले गर्दा मेरो स्वास्थ्य बिग्रियो, त्यसैले मैले रक्सी पिउन र धूम्रपान गर्न छोड्ने प्रयास गरेँ । तर थुप्रै पटक म असफल रहेँ । त्यस समयमा, मेरी आमा, सिनियर डिकनेस ग्यूम्मा मा ले, डा. जेरक ली को १२ औं दुइ-हप्ते-क्रमिक विशेष जागृति सभामा, सहभागी हुन हार्दिकतापूर्वक आग्रह गर्नुभयो । त्यहाँ मैले आश्चर्यजनक अनुभव प्राप्त गरेँ ।

त्यो सन् २००४ को मे महिना थियो । जागृति सभामा, मैले यसो भनी परमेश्वरसँग प्रार्थना गरेँ, "परमेश्वर सम्भवत मैले धूम्रपान गर्न त्यागेँ भने सबै कुरा ठीक हुनेछ । धूम्रपान त्याग्न मलाई सहायता गर्नुहोस्" । डा. लीको वचनको समय पछि, उहाँले विरामीहरूको लागि प्रार्थना गरिदिनुभयो । त्यस क्षणमा, मलाई शरीरमा माथिदेखि तलसम्म आगो पसेको जस्तो महसूस भयो । मेरो सम्पूर्ण शरीरमा पीडा भयो, मेरो श्वास-प्रश्वास सुख्खा भयो, र मलाई मेरो शरीरबाट निकोटीन बाहिर निस्किएको अनुभव भयो । घरमा गइसकेपछि, मैले धूम्रपान गर्न खोजेँ तर सकिनँ किनभने मलाई वाक्क लागेर आयो । त्यसपछि मैले रक्सी पनि कहिल्यै पिउन सकिनँ । पछिबाट मैले मेरा औंलाहरू र घूँडाको गठियावातबाट चंगाइ पाएँ । लामो समयसम्म रहने थकावटका लक्षणहरू पनि हराएर गए । हल्लेलूयाह !

त्यसपछि, मैले पाष्टर टेसिक गीलले सेवाकाइ गर्नुहुने डेजन मानमिन चर्चमा मेरा सम्पूर्ण परिवार सहित आफैंलाई दर्ता गराएँ । इसाई जीवन जिउन पाउँदा म खुशी थिएँ । आराधना सेवाहरूमा दिइने परमेश्वरका वचनहरू महभन्दा मीठा थिए । मैले पवित्र भवनमा सँधै प्रार्थना चढाएँ । संसारमा प्राप्त गरिने सबै थोक मैले निरर्थक महसूस गरेँ, त्यसैले कुनै कठिनाइविना म ती कुराहरूबाट अलग रहन सकेँ । मेरो विश्वास बढ्दै जाँदा मलाई एउटा जिम्मेवारी दिइयो । म पुरुष मिशनको अध्यक्षका रूपमा कार्यरत छु ।



बायाँबाट, एल्डर स्योङ यिओल को, भाइ सुबिन को (छोरा), बहिनी स्वाह को (छोरी), अनि डिकनेस जीन्ही कीम (श्रीमती)

लगानीको संसारलाई नियाल्दा तपाईंलाई धर्मशास्त्रको पद याकूब १:१५ को सम्झना आउन सक्छ, जसले भन्दछ, "तब खराब इच्छाले गर्भधारण गरेपछि त्यसले पाप जन्माउँछ । अनि पाप पूरै बढेपछि त्यसले मृत्यु ल्याउँछ ।" यहाँ मानिसहरूले एक दिनमै दर्जनौं पटक आनन्द, रीस, दुःख वा खुशीको सामना गर्नुपर्ने हुन्छ । म यहाँ खराब इच्छा गर्भधारण भएको देख्छु । मेरो हृदयलाई मैले परमेश्वरको वचनद्वारा सुरक्षित राख्न सकेको छु । मेरो गलत निर्णयहरूले गर्दा मैले निराश र हतोत्साह बेहोर्नु परेका समयहरू थिए र कहिले काहीं म मेरो लोभसँग संघर्ष गर्दथेँ, तर मैले परमेश्वरको वचनको साथ प्रार्थना गर्दै सही बाटोमा हिँड्ने प्रयास गरेँ र असल हृदय प्राप्त गर्ने कोशिश गरेँ । पत्रुस, जो जालहारी हुनुहुन्थ्यो, उहाँले पूरै रात कठिन परिश्रम गरेर केही हात नपर्दा पनि येशूले भन्नुभएकै ठाउँमा जाल हान्नुभयो । त्यसपछि उहाँले थुप्रै माछाहरू समात्न सक्नुभयो, जुन कुरा लूका ५:४-७ मा लेखिएको छ । मैले पनि त्यस्तो कार्य महसूस गरेको छु । परमेश्वरलाई सबै कुरा अघिबाटै थाहा छ, त्यसैले उहाँलाई शेयर बजारमा हुने गिरावट बारे पहिल्यैबाट थाहा हुन्छ । उहाँ मेरो लागि डा. लीद्वारा काम गर्नुहुन्छ । डा.ली मेरो सपनामा देखा पर्नुभएर निश्चित शेयर बेच्नको लागि संकेत दिनुहुन्थ्यो वा अन्य शेयर खरिद गर्न भन्नुहुन्थ्यो । जस्तोसुकै परिस्थिति भएतापनि कुनै सोचाइ नराखी मैले आज्ञापालन गर्दा, परमेश्वरले मलाई धेरै आशिष् दिनुभएको छ । डा.लीले विश्व परिस्थितिको बहाव बारे प्रचार गर्नु हुँदा, मैले सम्बन्धित शेयरहरूमा लगानी गरेँ र अझ धेरै आशिष् प्राप्त गरेँ ।

केही वर्ष अघि डा.लीले आउँदो वर्षमा नयाँ-नयाँ रोगहरू जताततै फैलिनेछन् भनी भन्नुभएको थियो । यो कुरा सुनेर, शेयर बजार नाटकीय ढङ्गबाट चुलिने अनुमान गरी मैले स्वाइन फ्लू, सार्स, र 'फुट एण्ड माउथ' भनिने रोगसँग सम्बन्धित शेयर सामाग्रीहरूमा लगानी गरेँ । मैले त्यसबाट ठूलो नाफा प्राप्त गरेँ । थप अझ, उहाँले राष्ट्रिय निर्वाचनको बारेमा भविष्यवाणी गर्नुहुँदा मैले सोही भविष्यवाणीको आधारमा शेयरहरूमा लगानी गरेँ, जसले गर्दा फेरि मलाई अति धेरै फाइदाहरू मिल्यो ।

परमेश्वरले मलाई त्यस्ता आशिष्हरू प्राप्त गर्न दिनुभयो, विश्व मिशनमा सहभागी हुन दिनुभयो र उहाँको राज्य फैलाउन दिनुभयो । त्यस अनुग्रहलाई पर्याप्त हुने धन्यवाद म कसरी चढाऊँ ! शेयर लगानीको व्यापार अप्रत्यासित हुन्छ, तर परमेश्वरको मलाई सबै कुरा स्पष्टसँग बुझ्न दिनुभयो र मलाई आशिष् दिनुभयो । म सबै धन्यवाद र महिमा परमेश्वरलाई दिन्छु !



# "कम्प्युटर गेमहरू खेल्न छोडेपछि, आराधना सेवाहरू र प्रार्थनाहरूमा म खुशी महसूस गर्छु"

भाइ सागर सुनार (मानमिन मिशन सेन्टर, नेपाल)

सन् २०१३ को जुन महिनामा मैले मानमिन मिशन सेन्टर, नेपालमा आफैंलाई दर्ता गराएँ । २०११ को अप्रिलमा मेरी आमा मधुमेहको रोगले ग्रसित हुनुहुन्थ्यो तर डा. जेरक लीको समय र दूरीलाई माथ गर्ने प्रार्थनाद्वारा चंगाइ प्राप्त गर्नुभयो । थप अझै, उहाँले गठियावात, तल्लो पेटको दुखाई, महिनावारीको पीडा, सुन्निने रोग र टाउकोको दुखाइ जस्ता विभिन्न अन्य प्रकारका रोगहरूबाट पनि पूर्ण रूपले चंगाइ प्राप्त गर्नुभयो ।

म कक्षा ६ मा पढ्दा, एउटा कम्प्यूटर गेम खेल्न मेरो लत बसेको थियो । त्यो गेम मानिसहरूलाई बन्दुकले गोली हानेर हत्या गरी तिनीहरूको भूत देखा हुने अति नै हिंसाले भरिएको गेम थियो । मैले पढाइमा पनि लापर्वाही गरेँ र धेरैजसो मेरो वरपरका मानिसहरूसँग बहस गर्थें ।

मैले प्रवचनको समयपछि डा.लीले विरामीहरूको लागि गरिदिनु हुने प्रार्थनाद्वारा मुटुको रोगबाट चंगाइ प्राप्त गरेको भएतापनि, म आराधना सेवाहरूको समयमा अझ पनि समस्या खडा गर्ने व्यक्ति थिएँ । तापनि, २०१३ सालको अक्टोबरमा मैले मानमिन मिशन सेन्टर, नेपालद्वारा आयोजित रिट्रिटमा भाग लिएँ । ढाँडमा क्रूस बोकी गलगथा पहाडमा जानुहुने येशूको बारेमा सोच्दा, त्यसले मेरो मन निकै छोयो । उहाँको प्रेमले, म ओतप्रोत भएँ । यसको अतिरिक्त, हामीले नरकको बारेमा भिडियो हेर्‍यौं । कम्प्युटर गेमहरू कति दुष्टताले भरिएका हुन्छन् र दुष्ट शत्रु शैतान कसरी त्यसद्वारा कार्य गर्छ भन्ने कुरा मैले जान्न सकेँ । मैले त्यसपछि त्यसलाई घृणा गर्न थालेँ र प्रार्थना र आराधना सेवाहरूमा खुशी हुन थालेँ ।

त्यसपछि, परमेश्वरले मेरो आँखाको दृष्टिमा सुधार दिनुभयो । मेरो परिवारले मलाई चस्मा किनिदिन सक्नुहुन्नथ्यो, त्यसैले विद्यालयमा अगाडि बोर्डमा भएका कुराहरू पढ्नको लागि म सबैभन्दा अघाडिको बेन्चमा बस्नुपर्थ्यो । तर अहिले म पछाडिपट्टिको सिटबाट पनि बोर्डमा लेखिएका अक्षरहरू देख्न सक्ने भएको छु । मेरो पढाइमा पनि चासो बढेको छ र मेरो विद्यालयको नतिजाहरूमा पनि यति छोटो समयावधिमै निकै सुधार आएको छ । म अत्यन्त खुशी छु । प्रभुको प्रेमले मलाई निको तुल्याउनु भयो र मलाई धेरै असल कुराहरू दिनुभएको छ । धन्यवाद ! हल्लेलूयाह !

## विश्वासको स्वीकारोक्ति

१. मानमिन केन्द्रिय मण्डलीले विश्वास गर्दछ कि बाइबल परमेश्वरद्वारा दिइएको सिद्ध र त्रुटिरहित वचन हो ।
२. मानमिन केन्द्रिय मण्डली त्रिएक परमेश्वर : पवित्र पिता परमेश्वर, पवित्र पुत्र परमेश्वर र पवित्र आत्मा परमेश्वरको एकत्व र कार्यमा विश्वास गर्दछ ।
३. मानमिन केन्द्रिय मण्डलीले विश्वास गर्दछ कि हामीले हाम्रो पापको क्षमा केवल येशू खीष्टको छुटकारा दिने रगतद्वारा प्राप्त गर्दछौं ।
४. मानमिन केन्द्रिय मण्डली येशू खीष्टको पुनरुत्थान र स्वर्गारोहण, उहाँको दोस्रो आगमन र सहस्राब्दी र अनन्त स्वर्गमा विश्वास गर्दछ ।
५. मानमिन केन्द्रिय मण्डलीका विश्वासीहरु हरेकपटक भेला हुँदा "प्रेरितहरुको विश्वासको सार" द्वारा आफ्नो विश्वास स्वीकार गर्दछन् र त्यसमा शब्दशः विश्वास गर्दछन् ।

"किनभने उहाँ (परमेश्वर) ले नै मानिसहरुलाई जीवन, सास र सबै चिज दिनुहुन्छ ।" (प्रेरित १७:२५)
"अरु कसैमा मुक्ति छैन, किनकि हामीले मुक्ति पाउनलाई स्वर्गमुनि मानिसहरुमा अर्को कुनै नाउँ दिइएको छैन ।" (प्रेरित ४:१२)

Nepali
मानमिन समाचार
मानमिन केन्द्रिय मण्डलीद्वारा प्रकाशित
२५३-गूरो-३ डूङ्ग, गूरो-गू, सियोल कोरिया (पोष्टल कोड १५२-८४८)
फोन : ८२-२-८१८-७०४७, फ्याक्सः ८२-२-८१८-७०४८
http: //www.manmin.org/english
इमेल: manminministry@hotmail.com
प्रकाशक : जेरक ली
व्यवस्थापन सम्पादक : ग्यूमसून विन